प्रमुख प्रशासकीय अधिकृत

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/१९/२०७९/०८०

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा कानेपोखरी अस्पतालका लागि खरिद गर्न लागिएको औजार/उपकरणको ठेक्का रद्द गरी नयाँ ठेक्का आव्हान गर्ने सम्बन्धमा गाउँपालिकाको स्वास्थ्य शाखा, खरिद इकाई र राजस्व तथा आर्थिक प्रशासन शाखा समेतको रायसाथ मिति २०७९।१०।०६ गते उठान भएको टिप्पणी यस बैठकमा जानकारी हुन आयो। सो सम्बन्धमा उक्त टिप्पणीसाथ पेश हुन आएको राय तथा गाउँपालिकामा चालु आर्थिक वर्ष २०७९।०८० का लागि अनुमान गरिएको आम्दानी (संघीय/प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड वापतको रकम र घरजग्गा रजिष्ट्रेशन बाँडफाँड वापत् प्राप्त हुने रकम) अपेक्षित तवरले प्राप्त नभएको तथा आउने सम्भावना समेत कम हुँदै गएको देखिन आएको हुँदा उक्त ठेक्का **(KRM/NCB/02/GOODS/2079/080)** सूचनाको बुँदा नम्बर (१०) **(The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award)** मा उल्लेख भए बमोजिम रद्द गरी उपलब्ध हुनसक्ने स्रोत र तत्काल खरिद गर्नुपर्ने सामाग्रीको अपेक्षित मूल्य समेत विश्लेषण गरेर पुनः ठेक्का बन्दोबस्त गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी अस्पतालमा एकजना पारामेडिक्स (अहेव) र एकजना नर्सिङ (स्टाफ नर्स) कर्मचारी करार सेवामा व्यवस्थापन गर्ने तथा फार्मेसी तर्फ दुईजनाको करार दरबन्दी स्वीकृत गरी पूर्ववत् विज्ञापनमा एक हप्ते सार्वजनिक सूचना प्रकाशन गरी करार सेवामा जनशक्ति व्यवस्थापन गर्ने प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

क. **कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८** को अनुसूची १ मा करार सेवामा हेल्थ असिष्टेण्ट (सहायक पाँचौं वा सो सरह) को पद थप गर्ने उक्त नियमावलीको अनुसूची १ को सि.नं. (३) को स्टाफ नर्स पद एक गरी दुवै पद (हेअ र स्टाफ नर्स) **कानेपोखरी गाउँपालिकामा करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८** बमोजिम पदपूर्ति प्रकृया तत्काल अघि बढाउने र

ख. श्री स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाण्डौंको चलानी नम्बर ५३०, मिति २०७९।०९।१८ गतेको जानकारी विषयक पत्रको बुँदा नम्बर (४) मा अस्पतालको आफ्नै फार्मेसी सञ्चालन गरेको हुनुपर्ने प्रमाण भनी बिमा कार्यक्रम सञ्चालनको आधारभूत विषयमा समावेश भएकोमा कार्यालयको मिति २०७९।०९।२६ गतेको पत्रले श्री कानेपोखरी अस्पतालले श्री भिजन मेडिकोसँग मिति



प्रदेश नं. १, नेपाल

अध्यक्ष

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/१९/२०७९/०८०

२०७८।०६।१५ गते गरेको फार्मेसी सम्झौता भङ्ग गर्नु भनी श्री कानेपोखरी अस्पताललाई लेखी पठाइएकोमा बीमा कार्यक्रममा औषधि आपूर्ति गर्न कानेपोखरी अस्पतालसँग सम्झौता गरेको श्री भिजन मेडिकोसँग श्री कानेपोखरी अस्पतालले मिति २०७९।०९।२८ गतेदेखि सम्झौता भङ्ग गरेकाले २४ घण्टे स्वास्थ्य सेवा सहित बीमा कार्यक्रम सञ्चालनमा ल्याइएको उक्त अस्पतालमा करार सेवामा एकजना फार्मेसी सहायक (सहायक पाँचौं) को दरबन्दी स्वीकृत गरी पदपूर्ति प्रकृया अघि बढाइएकोमा पदपूर्ति प्रकृया पूरा भैनसकेकोले उक्त विज्ञापनको म्याद पुनः सात दिन थप गरी सोही विज्ञापनमा थप एक फार्मेसी सहायक (सहायक पाँचौं) पद माग गर्ने र यसका लागि **कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८** को अनुसूची १ मा दुई (२) वटा फार्मेसी सहायक पद करार सेवामा स्वीकृत गर्ने।

__निर्णय नं.__ (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा कानेपोखरी अस्पतालमा सञ्चालित स्वास्थ्य बिमा कार्यक्रमका लागि आवश्यक पर्ने औषधि खरिद प्रकृया अघि बढाउने प्रस्तावका सन्दर्भमा स्वास्थ्य शाखा, ४ नं. वडा समिति र कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई देहाय बमोजिमको व्यवस्था तत्काल मिलाउन निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

__देहायः__

क. स्वास्थ्य शाखा, ४ नं. वडा समिति र कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले श्री भिजेन मेडिकोको मौज्दातमा रहेको बीमा कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने सम्पूर्ण औषधिहरुको मुचुल्का सहितको लगत लिने र, अस्पताल आफैंले फार्मेसी सञ्चालनमा नल्याउञ्जेसम्म उक्त लगत बमोजिमको औषधि प्रयोग गर्ने व्यवस्था मिलाउन कानेपोखरी अस्पताललाई निर्देशन दिने।

ख. बुँदा नम्बर (क) बमोजिमको लगतमा उल्लेख भएको औषधि मात्रले बीमा कार्यक्रम सञ्चालनका लागि औषधि नपूग हुन आउन देखिएमा तत्काल बीमा कार्यक्रमको फार्मेसी सञ्चालनका लागि आवश्यक पर्ने औषधि खरिद गरी सेवा प्रवाह सुचारु गर्नुपर्ने देखिएको र यो अवस्थालाई आकस्मिक परिस्थितिको रुपमा पहिचान गरिएकाले कानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १५५ बमोजिम औषधि खरिद प्रकृया तत्काल अघि बढाउन कानेपोखरी अस्पताल र स्वास्थ्य शाखालाई निर्देशन दिने।





राजमती इङ्नाम
अध्यक्ष

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/१९/२०७९/०८०

ग. बुँदा नम्बर (ख) मा उल्लेख गरिएको कार्य सँगसँगै वर्षभरी बीमा कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने औषधिको सम्पूर्ण आइटमहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्ने प्रकृया अघि बढाउने।

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा यही मिति २०७९ साल माघ १२ गते बसन्त पञ्चमीका दिन श्री शिक्षा विकास माध्यमिक विद्यालयको भवन शिलान्यास कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र २ नं. वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकासँग सम्बन्धित नवनिर्वाचित प्रतिनिधिसभा सदस्य र प्रदेश सभा सदस्यलाई गाउँपालिकाको तर्फबाट स्वागत/सम्मान कार्यक्रमको आयोजना गर्ने र यसका लागि उपयुक्त मितिको तय गर्न गाउँपालिका अध्यक्षज्यूलाई जिम्मेवारी सुम्पने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै, कानेपोखरी भूगोलभित्र स्थायी ठेगाना भई रोजगारी, अध्ययन लगायत अन्य यावत् कारणले काठमाण्डौं बस्ने कानेपोखरीबासीहरुसँग समृद्ध कानेपोखरी अभियान निर्माणमा रचनात्मक सल्लाह र सुझाव संकलन गर्न काठमाण्डौं कानेपोखरी समाजसँग काठमाण्डौं उपत्यकामा एक अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाउने र सोको मिति तय गर्न गाउँपालिकाका अध्यक्षज्यूलाई नै जिम्मेवारी सुम्पने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय, सबै स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन समेतका आधारमा यही मिति २०७९ साल माघ महिनादेखि २०८० साल असार मसान्तसम्म म्याद थप गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा आमाको सीप सन्तानलाई, अर्गानिक गुन्द्रुक मोरङलाई कार्यक्रम सञ्चालनका सम्बन्धमा भैरहेको विषय उपर समीक्षात्मक रुपमा बैठकमा छलफल भयो। सो सम्बन्धमा चालु आर्थिक वर्षदेखि नयाँ कार्यक्रमको रुपमा सञ्चालनमा ल्याइएको उक्त कार्यक्रमको कार्यविधि निर्माणमा केही बिलम्ब भएको र मौसमी प्रतिकूलता कारण अपेक्षित परिणाम हाँसिल गर्न सहजता नआएको विषय पहिचान गर्दै अबका दिनमा तोरी खेतीको मौसम अगावै उक्त कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउँदा कार्यक्रमको प्रभावकारिता थप अभिवृद्धि हुने समेत देखियो र चालु आर्थिक वर्षका लागि कृषकहरुले उक्त

कार्यक्रम मार्फत् उत्पादन गरेको गुन्द्रुक प्रति केजी एक हजार रुपैंयाका दरले खरिद गर्ने व्यवस्था मिलाउने गरी आर्थिक विकास समितिबाट सिफारिस भई आए बमोजिम कार्यक्रम कार्यान्वयन प्रकृया अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा तोरी उत्पादनमा गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई प्रोत्साहित गर्न गाउँपालिकाको पहिचान झल्किने गरी सात हजार थान बोरा खरिद गरी कृषकहरुलाई वितरण गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र उक्त कार्यमा लाग्ने रकम **कृषकको मागमा आधारित कृषि उत्पादनमा सहयोग पुर्याउने औजार/उपकरण खरिद तथा वितरण कार्यक्रमबाट** लेख्ने व्यवस्था मिलाउने समेत निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (९)**

प्रस्ताव नं. (९) माथि छलफल गर्दा कृषकको मागमा आधारित विभिन्न बालीनालीको बिउ/बिजन खरिद तथा वितरण साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धमा आर्थिक विकास समितिबाट पेश हुन आएको सिफारिसका विषयमा यस बैठकमा जानकारी भयो। सो सम्बन्धमा आर्थिक विकास समितिबाट पेश भए बमोजिम कार्यक्रम सञ्चालन प्रकृया अघि बढाउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र आर्थिक विकास समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा १३ औं गाउँ सभा अधिवेशनबाट बजेट तथा कार्यक्रम संशोधन गर्न सबै वडा समितिबाट संशोधन गर्नुपर्ने योजना/कार्यक्रमको विवरण पेश गर्न सबै वडा समिति र विषयगत समितिलाई परिचालित गर्ने र १३ औं गाउँ सभाको दोस्रो बैठक यही मिति २०७९ साल माघ २८ गतेका दिन बोलाउने व्यवस्था मिलाउन गाउँपालिकाका अध्यक्षज्यूलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (११)**

प्रस्ताव नं. (११) माथि छलफल गर्दा-

क. यही मिति २०७९ साल माघ ५ गते विहीबार बिहान करीब ११.०० बजेका समयमा कानेपोखरी गाउँपालिका ७ नं. वडा स्थित साकेला थानसँग सम्बन्धित योजना प्रदेश सरकारसँग सम्झौता भई उक्त योजनाको फरफारक गर्न गाउँपालिकाको सिफारिस आवश्यक पर्ने भनी उक्त योजनासँग सम्बन्धित कानेपोखरी ५ निवासी श्री रामकाजी राईज्यू गाउँपालिकाका उपाध्यक्षज्यूको कार्यकक्षमा

आउनु भएको र उपाध्यक्षज्यूबाट उक्त योजनाको फरफारकको सिफारिस गर्नु अघि स्थलगतरुपमा हेरेर मात्र नियमानुसार फरफारकको व्यवस्था मिलाउने र उक्त योजनाको स्थलगत अनुगमनका लागि यही मिति २०७९ साल माघ ८ गते आइतबार बिहान ९.०० बजे सिङ्गो अनुगमन समिति सहित उपस्थित हुने भनी निज सेवाग्राहीलाई आस्वस्त पार्नु भएकोमा निज सेवाग्राही गाउँपालिकाका उपाध्यक्ष प्रति असभ्य तवरले प्रस्तुत भई साम्प्रदायिकतामा समेत खलल पुर्याउने किसिमका अभिव्यक्ति सहित तत्कालै सिफारिस गर्नुपर्ने भनी एकोहोरो ढिपी गर्नु भएको र सोही समयमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य श्री पदम कुमारी कार्की, अधिकृत छैठौं श्री गोविन्द प्रसाद फूयल लगायतका अन्य कर्मचारी एवम् नगर प्रहरीबाट समेत निजलाई सम्झाई बुझाई गरिएकोमा उक्त समय पश्चात् निज सेवाग्राही कार्यालयबाट बाहिरिनु भएको र केही समय पश्चात् खुकुरी सहित पुनः कार्यालय प्रवेश गरी उपाध्यक्षज्यूको कार्यकक्ष तर्फ अगाडि बढ्दै गर्दा नगर प्रहरीले स्थानीय रमाइलो प्रहरी चौकीमा खबर गरी निज सेवाग्राहीलाई प्रहरीको जिम्मा लगाइएको विषय उपर यस बैठकमा सरोकारवाला एवम् साक्षी मार्फत् जानकारी भयो। यस सम्बन्धमा देहाय बमोजिमको व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>देहायः</u>

- निज सेवाग्राहीलाई कार्यालयमा बोलाई निजसँग उक्त दिनमा भएको घटनाका विषयमा सोधपुछ गर्ने।
- सोधपुछबाट प्राप्त हुन आउने विषय उपर पुनः कार्यपालिकाको बैठकमा छलफल गरी आवश्यक प्रकृया अघि बढाउने।
- अब उप्रान्त प्रचलित कानून बमोजिम सेवा प्रवाहमा खटिने जनप्रतिनिधि र राष्ट्रसेवकहरुलाई उपयुक्त कार्यवातावरणको सुनिश्चितताको व्यवस्था सहित सम्वद्ध सबै पक्षबाट सहयोग पुर्याउने वातावरण तय गर्न आवश्यक व्यवस्था मिलाउने।

ख. नेपाल सरकारको विशेष अनुदान मार्फत् चालु आर्थिक वर्ष २०७९।०८० मा प्राप्त केरौन कालीकोशी खानेपानी योजना विस्तार आयोजना सञ्चालनका लागि केरौन कालीकोशी खानेपानी उपभोक्ता तथा सरसफाई समिति र ५ नं. वडाको सिफारिस समेतका आधारमा गाउँपालिकाको पूर्वाधार विकास शाखाबाट तयार भएको देहायमा उल्लिखित क्रियाकलाप प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम अघि बढाउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/१९/२०७९/०८०

देहायः

- खानेपानी आयोजनाको लागि पाइप तथा फिटिङ खरिद (भ्याट र कन्टिन्जेन्सी सहित रु. ८४,३७,५२२।९८)
- ३ एच.पि. क्षमताको पानी तान्ने पम्प, ६० के.भि.ए. क्षमताको जेनेरेटर र ५० के.भि.ए. क्षमताको ट्रान्सफर्मर खरिद।

ग. चालु आर्थिक वर्ष २०७९।०८० मा सार्वजनिक शौचालय निर्माणका लागि विनियोजित बजेट रु. १५ लाखबाट कानेपोखरी २ को दलेली बजारमा शौचालय निर्माण (माटो पुर्ने सहित) आयोजनाका लागि रु. १४ लाख बजेट बाँडफाँड गर्ने र कानेपोखरी ५ मा विपन्न परिवारका लागि शौचालय निर्माणमा रु. १ लाख रकम बाँडफाँड गर्ने।

घ. स्वीकृत सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्ने गरी देहायमा उल्लिखित आयोजना/कार्यक्रम तत्काल सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | खर्च लेख्ने बजेट शीर्षक | विनियोजित बजेट (रु.) | तत्काल आयोजना सञ्चालन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | कानेपोखरी ३ सुफल मुर्मुको घर छेउमा रहेको काली मन्दिरमा ढोका निर्माण | मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद मर्मतसम्भार | ३०,०००।०० | ढोका मात्र बनाउन बाँकी रहेको। |
| २. | सन्थाल जातिको सोहराय पर्व व्यवस्थापन, कानेपोखरी १ | विभिन्न मेला, जात्रा, पर्व, महोत्सव आदि कार्यक्रममा सहयोग कार्यक्रम | २०,०००।०० | |
| ३. | सन्थाल जातिको सोहराय पर्व व्यवस्थापन, कानेपोखरी ३ | विभिन्न मेला, जात्रा, पर्व, महोत्सव आदि कार्यक्रममा सहयोग कार्यक्रम | २०,०००।०० | |
| ४. | नेपाल घेदुङ संघ, कानेपोखरी ४ लाई ल्होसार पर्व व्यवस्थापन | विभिन्न मेला, जात्रा, पर्व, महोत्सव आदि कार्यक्रममा सहयोग कार्यक्रम | २०,०००।०० | |
| ५. | नेपाल मगर संघको अधिवेशन व्यवस्थापनमा सहयोग | विभिन्न मेला, जात्रा, पर्व, महोत्सव आदि कार्यक्रममा सहयोग कार्यक्रम | २०,०००।०० | |
| ६. | माझी समुदायको कोशी पुजा व्यवस्थापन, कानेपोखरी ५ | विभिन्न मेला, जात्रा, पर्व, महोत्सव आदि कार्यक्रममा सहयोग कार्यक्रम | १५,०००।०० | |
| ७. | स्यालो तमुको ल्होसार पर्व व्यवस्थापन, कानेपोखरी ७ | विभिन्न मेला, जात्रा, पर्व, महोत्सव आदि कार्यक्रममा | २०,०००।०० | |



राजेन्द्र ढुङ्गाना
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/१९/२०७९/०८०

| | | | | |
|---|---|---|---|---|
| | | सहयोग कार्यक्रम | | |
| ८. | रमाइलो युवा परिवारको अगुवाईमा व्यवस्थापन गरिएको जग्गामा व्यामशाला तथा ध्यान केन्द्र सहितको "डो पार्क" निर्माणका लागि माटो परीक्षण | समपूरक कोष | ३,५०,०००।०० | |
| ९. | विपद्का समयमा प्रयोगमा ल्याउने गरी व्यवस्था गरिएको फलामको भर्याङको भुक्तानी (Active Iron, Damak को Invoice No. 7980URL-SB-00979) | प्रकोप व्यवस्थापन कोष | ८५,००१।५६ | विगतमा कार्यालयबाट निर्णय भएको, तर भुक्तानी हुन बाँकी रहेको। |
| १०. | ऋषिदेव समुदायको दिनाभद्री कार्यक्रम व्यवस्थापनमा सहयोग, कानेपोखरी ३ | विभिन्न मेला, जात्रा, पर्व, महोत्सव आदि कार्यक्रममा सहयोग कार्यक्रम | १५,०००।०० | |
| ११. | रणकाली दानमती ग्रामथान घेराबारा, कानेपोखरी २ | मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद मर्मतसम्भार | १,००,०००।०० | |

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

मिति २०७९।१०।१० गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव एवम् निर्णय



अध्यक्ष